प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
गण्डकी प्रदेश

पत्र संख्या: २०७६/७७
चलानी नं.: ११८९

पोखरा,
नेपाल।

मिति: २०७६/११/२३

विषयः राष्ट्रिय सूचना आयोगको पुरस्कार सम्बन्धमा।

श्री प्रदेश मन्त्रालय/आयोग/निकाय सबै।
श्री प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश।
श्री सूचनाको हकका लागि राष्ट्रिय सञ्जाल, कास्की।
श्री सम्बन्धित सबै सरोकारवालाहरू, गण्डकी प्रदेश।

राष्ट्रिय सूचना आयोगको प.सं. ०७६/७७ च.नं.६११ मिति २०७६/११/०६ को प्राप्त उदाहरणीय कार्य गर्नुहुने सूचना अधिकारी तथा सूचनाका हकका अभियन्ताहरूलाई राष्ट्रिय सूचना आयोगको स्थापना दिवस (२०७७ वैशाख २२) को अवसरमा पुरस्कृत गर्ने सम्बन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी सम्बन्धित सबैको जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ।

२०७६/११/२३
(विकाश थापा मगर)
शाखा अधिकृत

बोधार्थ:
श्री राष्ट्रिय सूचना आयोग,
काठमाडौं।


फोन नं : ०६१-४६७९४१, ४६७६८३, ४६७६६४, ४६७८५१
फ्याक्स: ०६१-४६७६६५
वेबसाइट : ocmcm.gandaki.gov.np
इमेल : ocmcm@gandaki.gov.np

# राष्ट्रिय सूचना आयोग

का.म.न.पा.-१० (देवीनगर) काठमाडौं


प.सं. ०७६।७७
च.नं. ८११

मिति : २०७६।११।०६

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश
पोखरा, नेपाल

**विषय : सूचना उपलब्ध गराईदिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा सूचनाको हकलाई सार्वजनिक हित तथा प्रवद्धनका लागि प्रयोग गरी सार्वजनिक निकायलाई खुला, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन उदाहरणीय कार्य गरी उत्कृष्ट योगदान गर्ने सूचना अधिकारी तथा सूचनाका हकका अभियान्ताहरुलाई यस राष्ट्रिय सूचना आयोगको स्थापना दिवस (२०७७ वैशाख २२) का अवसरमा पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रम सम्बन्धमा प्रदेशस्तरका सार्वजनिक निकाय एवं सूचनाको हक सम्बन्धमा क्रियाशील संघ, संस्था व्यक्तिहरुलाई जानकारी गराई बढी भन्दा बढी सहभागिताका लागि सहयोग हुन आदेशानुसार अनुरोध छ । सो सम्बन्धी सम्पूर्ण जानकारी आयोगको वेबसाइट www.nic.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

सन्ध्या सिग्देल
शाखा अधिकृत


फोन नं. : ४४९६५४१/४४९६५४४
फ्याक्स नं. : ४४९६५४५
ईमेल : info@nic.gov.np
वेबसाईट : www.nic.gov.np